म.जि. प्र. का. द.नं. : १०६/०६८,  वर्ष ११,  अंक ३२८  बुधबार २२ असार २०७९  ने. सं. ११४२ दिल्लाथ्व  6 July, 2022  www.sajhakuranews.com  पृष्ठ संख्या ४  मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा
# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## प्रदेश प्रमुखद्वारा दुई विधेयक प्रमाणीकरण

हेटौंडा, २१ असार/ बागमती प्रदेशका प्रदेश प्रमुख यादवचन्द्र शर्माले दुई वटा विधेयक प्रमाणीकरण गरेका छन् । प्रदेश प्रमुख शर्माले मंगलबार नेपालको संविधानको धारा २०१ को उपाधारा (१) बमोजिम 'प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक' र 'आर्थिक वर्ष २०७९/०८० को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रमाणीकरण गरेका हुन् ।

बागमती प्रदेशसभाको असार १६ गते बसेको बैठकबाट पारित भई नेपालको संविधानको धारा २०१ को उपाधारा (२) बमोजिम सभामुखबाट प्रमाणित विधेयकलाई प्रदेश प्रमुख शर्माबाट प्रमाणिकरण भएको प्रदेश प्रमुख कार्यालयका प्रवक्तासमेत रहेका उपसचिव कृष्णप्रसाद आचार्यले जानकारी दिए । आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले प्रदेश सरकारलाई खर्च गर्न र प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकले राजश्व संकलनका लागि बाटो खोलेको उनले बताए ।

# मुख्यमन्त्री पाण्डेको संकट टरेको हो ?

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ पूर्व सहमतिअनुसार बागमती प्रदेश सरकार परिवर्तन हुनुपर्ने गठबन्धनका नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रको अडानले संकटमा रहेका मुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डे तत्काल सरकार छोड्ने मनस्थितिमा छैनन् ।

११ कार्तिकमा मुख्यमन्त्री बनेका नेकपा (एकीकृत समाजवादी)का पाण्डेले कांग्रेस र माओवादी केन्द्रसँग आधा-आधा कार्यकाल सरकारको नेतृत्व गर्ने सहमति गरेका थिए । सोही सहमतिअनुसार कांग्रेसले आगामी आर्थिक वर्ष २०७९/८० का लागि बजेट ल्याएपछि सरकारमा दाबी गरेको थियो । कांग्रेसले सहमतिअनुसार आगामी अवधि सरकारको नेतृत्व गर्नुपर्ने दाबी मुख्यमन्त्री पाण्डेसँग गरेको थियो । कांग्रेसको साथमा नेकपा माओवादी केन्द्र पनि छ । गठबन्धनका तीन दलमध्ये काँग्रेस र माओवादी सरकार परिवर्तनको अडानमा भएपछि संकटमा रहेका पाण्डेले काठमाडौंमा पार्टी संसदीय दलको बैठक राख्दै सरकारबाट तत्काल राजीनामा नदिने बताएका थिए ।

एकीकृत समाजवादी अध्यक्ष माधव नेपालसहितको बैठकले प्रदेशको सरकार परिवर्तनको विषय टुंगो लगाउन गठबन्धनका शीर्ष नेतृत्वलाई जिम्मा लगाएको थियो । एकीकृत समाजवादीले गठबन्धनको भागबण्डाअनुसार बागमती छोडे अन्य प्रदेशमा सरकारको नेतृत्व गर्नुपर्ने माग अघि बढाएको थियो । तर,



कांग्रेसले बागमतीमा आन्तरिक सहमतिअनुसार सरकार गठन भएको भन्दै अन्य प्रदेशलाई देखाएर सहमति तोड्न नहुने धारणा राखेको छ । कांग्रेस बागमती प्रदेश संसदीय दलका सचिव तथा स्वास्थ्य मन्त्री निमा लामा सहमति पालना हुनुपर्ने बताउँछन् ।

प्रदेश सरकार परिवर्तनको जिम्मेवारी गठबन्धनका शीर्ष नेतृत्वलाई दिएपछि बागमतीमा पाण्डेको संकट टरेको बुझिएको छ । शीर्ष गठबन्धनमा हाल भागबण्डाअनुसार प्रदेश सरकारको नेतृत्व हेरफेर नगर्ने गरी सहमति भएको सांसद्हरुले बताएका छन् । उक्त सहमति पालना भए पाण्डेको संकट जोगिने निश्चित छ । तर, कांग्रेसले बागमतीमा एकीकृत समाजवादीले राजनीतिक नैतिकता देखाउँदै सहमति पालना गर्नुपर्ने बताए । मुख्यमन्त्रीको चर्चामा रहेका कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँले मुख्यमन्त्रीमा मरिहत्ते नगर्ने भन्दै राजनीतिमा सहमतिको पालना गरेर नैतिकता देखाउनु पर्ने बताउँदै आएका छन् । बानियाँले प्रदेश सरकारको नेतृत्व आधा-आधा कार्यकाल गर्ने सहमति भएको दाबी गर्दै त्यसको पालना गर्नुपर्ने बताए । 'राजनीतिमा सहमति पालना गर्नुपर्छ ।

तर, म मुख्यमन्त्रीकै लागि मरिहत्ते गर्दिन', उनले भने । 'कांग्रेस मुख्यमन्त्रीको भोको हैन । लोकतन्त्र, गणतन्त्र, संविधान रक्षाका लागि कांग्रेस लडेको छ । हिजो पद्दति र प्रक्रियाका लागि लड्दै गर्दा आधा-आधा कार्यकाल नेतृत्व गर्ने भनेर सहमति भएको हो । त्यो कार्यान्वयन गर्ने जिम्मा नेकपा एकीकृत समाजवादीको हातमा छ', बानियाँले भने । मुख्यमन्त्री पाण्डेले ती सहमति कार्यान्वयन नगरेको अवस्थामा आफूहरु किन कार्यान्वयन भएन भनेर नजाने बानियाँले बताए । बानियाँको भनाइअनुसार पनि पाण्डेको संकट टरेको छ । कांग्रेसले पाण्डेले सहमति पालना नगरी अगाडि बढे सरकार परिवर्तनका लागि दबाब नदिने नीति लिएको बानियाँको भनाइबाट बुझिन्छ । सरकारकै निम्ति गठबन्धन छाड्ने, समर्थन फिर्ता लिने, मन्त्री फिर्ता बोलाउने कार्यमा कांग्रेस अघि नबढ्ने बानियाँको भनाइ छ । बानियाँले कांग्रेस आगामी मंसिरमा हुने भनेर चर्चा भइरहेको प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा जुटेको बताएका छन् । कांग्रेस बागमती प्रदेशका सभापतिसमेत रहेका उनले आगामी निर्वाचनको कार्यनीति र कार्यदिशा बनाउनतिर क्रियाशील रहेको बताए ।

बागमतीमा सरकार परिवर्तनलाई लिएर गठबन्धनभित्र भएको टकरावले आन्तरिक समन्वयमा भने असर पुग्ने राजनीतिज्ञहरु बताउँछन् । गठबन्धन सरकारमा आपसी समझदारी महत्वपूर्ण मानिएपछि हाल देखिएको खटपटले आगामी दिनमा समस्या निम्तिन सक्ने देखिएको छ । बागमती प्रदेशसभामा हाल एकसय सात प्रदेशसभा सदस्य छन् । सरकार बनाउन बहुमत सदस्य ५४ जना सांसद् भए पुग्छ ।

जसमा गठबन्धनका तीन दल माओवादी केन्द्र, नेपाली कांग्रेस र एकीकृत समाजवादीसँग क्रमशः २३, २२ र १३ जना सांसद् छन् । प्रमुख प्रतिपक्ष एमालेसँग ४१, विवेकशील दलसँग ३, राप्रपासँग २, नेमकिपा र जसपासँग १-१ जना सांसद् छन् ।

## फाउण्डेशनद्वारा २० जनाको सदस्यता खारेज

हेटौंडा/ मदन भण्डारी फाउण्डेशन मकवानपुरले २० जनाको सदस्यता खारेज गरेको छ । फाउण्डेशनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा बसेको बैठकले २० जनाको सदस्यता खारेज गर्ने निर्णय गरेको हो । बैठकले फाउण्डेशन बिरोधी गतिविधि गरेको भन्दै बलराम फुँयाल, किशोर टण्डन, गणेशबहादुर रसाईली, लोकनाथ पाण्डे, शिवनाथ चौधरी, धुब्र भुजेल, मिना लामा, गायत्री सुवेदी, उद्धबप्रसाद सापकोटा, सत्यनारायण मण्डल, पुरुषोत्तम आचार्य, रामचन्द्र दाहाल, हीमप्रसाद पौडेल, सुकराम केसी, पारस पाठक, यादवप्रसाद गौतम, गौतम केसी, धन मुक्तान र किरणमान बललाई साधारण सदस्यसमेत नरहने गरी सदस्यता खारेज गरेको फाउण्डेशनका अध्यक्ष खुलालले बताए ।

बैठकले ७१ औं मदन जयन्तीका अवसरमा आयोजना गरेको विभिन्न कार्यक्रमको समिक्षा गरेको छ । मदन जयन्तीमा आयोजित सबै कार्यक्रमहरु प्रभावकारी भएको भन्दै सहयोग र संयोजन गर्ने सबैमा बैठकले धन्यवादसमेत व्यक्त गर्ने निर्णय गरेको छ ।

## सामूहिक खेतीलाई प्राथमिकतामा राखिन्छः मन्त्री हुमागाईं

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री बसुन्धरा हुमागाईंले अनुदानलाई व्यवस्थित गर्दै सामूहिक खेतीलाई प्राथमिकतामा राखिने बताएका छन् ।

हेटौंडामा मंगलबार कृषि पत्रकारितासम्बन्धी अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले अनुदानलाई प्रदेश सरकारले व्यवस्थित गर्दै सामूहिक खेतीलाई प्राथमिकता दिने बताएका हुन् ।

उनले प्रदेश सरकारले अनुदानलाई व्यवस्थित गर्नको लागि अन्य प्रकारको अनुदान खारेज गर्दै उत्पादनमा आधारित अनुदान कार्यक्रममात्र ल्याएको बताए ।

मन्त्री हुमागाईंले प्रदेशको समग्र कृषि क्षेत्रलाई कसरी विकास गर्ने भनी मन्त्रालयले तयार पारेको किसान लक्षित मार्गचित्रभित्रका योजनालाई कार्यान्वयनतर्फ लैजाने कार्य भइरहेको बताए । उनले मन्त्रालयका कमजोरी औंल्याउँदै सबल पक्षको समाचार लेखी मन्त्रालयले गरेका कामहरु किसानसमक्ष




पुऱ्याउन अनुरोध गरेका छन् । अन्तर्क्रियामा बोल्दै मन्त्रालयका सचिव डा. शरणकुमार पाण्डेले तथ्यमा रहेर समाचार लेख्दा थप प्रभावकारी देखिने बताए । उनले वडावडामा प्राविधिक, ल्याब सञ्चालन, थोक बजार केन्द्र निर्माण, प्राङ्गारिक मल प्रयोगमा कार्ययोजना, कोल्ड च्याम्बर निर्माणका साथै गतवर्षकै प्रतिलिटर दूध अनुदान कार्यक्रमहरुलाई प्राथमिकतामा राखेर काम सुरु गरिने बताए ।

कार्यक्रममा मन्त्रालयका प्रवक्ता एवम् कृषि प्रसार अधिकृत झलकनाथ कँडेलले मन्त्रालयले आव २०७९/०८० को कार्ययोजनाहरु प्रस्तुत गरेका थिए । मन्त्रालयको सहकार्यमा नेपाल पत्रकार महासंघ मकवानपुर शाखाको आयोजनामा अन्तर्क्रिया कार्यक्रम गरिएको हो । महासंघका अध्यक्ष मणिराज गौतमको अध्यक्षता तथा मन्त्री हुमागाईको प्रमुख अतिथ्यतामा कार्यक्रम भएको हो । कार्यक्रममा मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारी, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र हेटौंडाका प्रमुख ब्रजकिशोर ठाकुर लगायतको उपस्थिति थियो ।

## राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अनलाइनबाट

साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ मकवानपुरमा राष्ट्रिय परिचयपत्र विवरण दर्ताको लागि अनलाइन फाराम भर्नुपर्ने भएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरले मंगलबार सूचना जारी गर्दै राष्ट्रिय परिचयपत्र विवरण दर्ताको लागि अनलाइन फाराम भर्नुपर्ने जनाएको हो ।

प्रशासनले जारी गरेको सूचनामा राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको लिङ्कमार्फत् अनलाइन फाराम भरी बायोमेट्रिकको लागि कार्यालयमा उपस्थित हुन भनिएको छ ।

प्रशासनले अनलाइन फाराममा दिइएको मितिमा मात्र सक्कल कागजातसहित जिल्ला प्रशासन कार्यालय उपस्थित हुन सबैलाई आग्रह गरेको छ । नेपाल सरकारले ई-पासपोर्टका लागि राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरेसँगै जिल्ला प्रशासन कार्यालयमा आधा रातदेखि लाइन बस्नेहरुको घुइँचो लाग्ने गरेको छ । कार्यालयमा भीड बढेसँगै प्रशासनले यस्तो निर्णय गरेको हो ।

## चारसय २२ किलो लागूऔषध गाँजा नष्ट



साझाकुरा संवाददाता

हेटौंडा, २१ असार/ मकवानपुर प्रहरीले चारसय २२ किलो लागूऔषध गाँजा नष्ट गरेको छ ।

गत जेठ ८ गते राति थाहा नगरपालिका-३ घर्तिखोलामा रोकिराखेको ना. ६ ख ३२४३ नम्बरको मिनी ट्रकमा फेला परेको गाँजा प्रहरीले नष्ट गरेको हो ।

उक्त परिमाणको गाँजा मंगलबार इलाका प्रहरी कार्यालय पालुङनजिकै खोलाकिनारमा जलाएर नष्ट गरेको छ ।

प्रहरीले ट्रकमा कोही पनि नभएको अवस्थामा २८ पोका गाँजा फेला पारेको थियो । अनुसन्धानका क्रममा सो गाँजा कसले ल्याएका हुन् भन्ने एकिन भइनसकेको प्रहरीले जनाएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरूः
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५१०३३३

हेटौंडालाई Green City बनाउने उद्देश्यसहित
सुन्दर नगरी हेटौंडामा बिक्री
शुभारम्भ

YADEA
e-SCOOTERS



GRAND OPENING

Offer
रू.१०,०००।-
नगद छुट

YADEA e-SCOOTER का विशेषताहरुः
- Full Charge गर्न ४-५ घण्टा लाग्ने ।
- Full Charge ले १०० किमी कुद्ने ।
- २००० वाट क्षमता भएकोले एकपटक Full Charge गर्दा १.५ युनिट विद्युत् खपत ।
- ट्यूबलेस टायर
- ब्याट्रिमा एक वर्ष वारेन्टी

बर्षा ई-अटोमोबाइल्स
हेटौंडा-२, चौकीटोल (भाटभटेनी नजिकै)
प्रो. सबी भण्डारी ९८५५०६७४६०

साझाकुरा

## हाम्रो कुरा

# सुरक्षित आप्रवासन जरुरी

आप्रवासन भनेको एक किसिमको स्थानान्तरण पनि हो । स्थानान्तरण आन्तरिक र बाह्य दुबै हुनसक्छ । देशभित्रको स्थानान्तरण खासै जोखिमपूर्ण नहुने हुँदा बाह्य देशमा हुने स्थानान्तरणलाई विशेष गरी आप्रवासनले समेट्ने गर्दछ । आप्रवासी कामदार र तिनका परिवारको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीका अनुसार आफ्नो देशको सीमा छोडी काम गर्ने उद्देश्यले अर्काको देशमा अस्थायीरुपमा जानुलाई बाह्य आप्रवासन भनिन्छ ।

विदेशमा काम गर्न जानको लागि नेपाल सरकारले एकसय नौ देश खुल्ला गरेको छ । भारत बाहेकका देशमा वैदेशिक रोजगारीको लागि जान आवश्यक पक्रिया र चरणहरु निर्धारण गरिएका छन् । ती चरण र प्रक्रियाहरु पूरा गरेर मात्र वैदेशिक रोजगारीमा गए सिमाना र गन्तव्य देशमा अप्ठ्यारो पर्दैन । केहिगरि अप्ठ्यारो परिहालेमा पनि नेपाल सरकारले सहजीकरण र सहयोग गर्दछ । वैदेशिक रोजगारीमा जाने नेपालीहरुले गन्तव्य देशमा पुगेर धेरै दुःख पाएका घटनाहरु सार्वजनिक भइरहेका बेला त्यस्तो दुःख नपाउन अपनाउनुपर्ने सुरक्षाका उपायहरु अनिवार्य अवलम्बन गराउने प्रक्रिया नै सुरक्षित आप्रवासन हो । आफ्नो देशमा काम गर ेर जीविकोपार्जन गर्न नसक्ने भएपछि रोजगारीको लागि विदेश पलायन हुने हो । तर, त्यहाँ पुगेर पनि झन् दुःख पाउनु कदापि हुँदैन । त्यसैले सुरक्षित आप्रवासनप्रति सबैले चासो दिनु जरुरी छ ।

आप्रवासी कामदारले सीमा नाका र गन्तव्य देशमा सुरक्षा प्राप्त गर्न, आप्रवासी कामदारको मानवअधिकार, श्रम अधिकारको संरक्षण गर्न, आप्रवासी कामदारको हकहितको लागि, काम गर्ने वातावरण सिर्जना गर्न र कामदारमैत्री वातावरण बनाउन, रोजगारका क्रममा हुनसक्ने शोषण र हिंसाबाट बच्न, श्रम र सीप अनुसारको पारिश्रमिक पाउन, आफ्नो कमाई सुरक्षितरुपमा स्वदेश भित्र्याउन तथा वैदेशिक रोजगारीको सिलसिलामा हुने ठगी, लुट, शारीरिक तथा मानसिक हिंसाबाट बच्न सुरक्षित आप्रवासन अपनाउनु जरुरी छ । विदेश जान चाहने, गएर आएका सबैले आप्रवासनसम्बन्धी आफ्नो पालिकामा गएर आवश्यक जानकारी लिनु अपरिहार्य छ । सुरक्षित आप्रवासन अपनाऔं, आप्रवासी जीवन सुखी र समृद्ध बनाऔं ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ असार २३ गते बिहीबार ७ जुलाई २०२२ । असार शुक्लपक्ष अष्टमी । दिल्लाथ्व ११४२ । सूर्योदय: ५:१५, सूर्यास्त: ७:०१ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धनको समस्या पार लाग्नेछ | **तुला** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **वृष** | : विद्यार्थीका लागि लाभदायक | **वृश्चिक** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **मिथुन** | : बौद्धिक कार्यबाट प्रशंसा मिल्ने | **धनु** | : परीक्षामा सफलता मिल्नेछ |
| **कर्कट** | : अरुको विश्वास जित्न सकिने | **मकर** | : रिसलाई नियन्त्रण गर्नुपर्नेछ |
| **सिंह** | : धार्मिक काममा रुचि बढ्नेछ | **कुम्भ** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **कन्या** | : काममा एकरुपता आउनेछ | **मीन** | : मित्रहरुबाट सहयोग हुनेछ |

# नेताज्यू विकास निम्त्याउँदै हुनुहुन्छ कि विपत्ति ?



कृष्ण पौडेल

नेपालीमा विकासप्रतिको भोक र तृष्णा जति मात्रामा देखिन्छ, त्यसको निम्ति सरकारको सीमा र नागरिकको दायित्व बारेको चेतनास्तर पर्याप्त छैन । आम जनसमुदायको विकास मोह उपर राजनीतिक नेतृत्वबाट बारम्बार इमोशनल ब्लाकमेलिङ समेत हुने गरेको छ । पञ्च नेताहरूबाट श्री ५ महाराजाधिराजको सपना साकार पार्न विकासको मूल फुटाउने भजनकीर्तन गर्दा गर्दै पंचायती व्यवस्था तीन दशक चल्यो ।

त्यसको उत्तरार्द्धतिर राजा वीरेन्द्रले १५ वर्षभित्र अर्थात् सन् २००० सम्म नेपाललाई विकासको एशियाली मापदण्डमा पुऱ्याउने उद्घोष गरेका थिए । पछि त्यो नारा न्यूनतम आधारभूत आवश्यकता पूर्ति भन्नेमा खुम्चिएको थियो ।

२०४७ सालमा कृष्णप्रसाद भट्टराईले नेपाललाई सिंगापुर बनाउने सपना सुनाएका थिए । २०६२/६३ को परिवर्तन पश्चात् कमरेड प्रचण्डले फेरि स्विट्जरल्याण्डको परिकल्पना गरेका थिए । डा. बाबुराम भट्टराईले अर्को भाषामा दोहोरो अंकको आर्थिक वृद्धिदरको दाबी गरे । पछिल्लो समय कमरेड केपी ओलीले हिमाल पार बुलेट रेल र महासागरहरूमा नेपाली झण्डावाल पानीजहाज कुदाउने सपना प्रस्तुत गरे ।

प्राज्ञिक परिभाषामा विकास वा समृद्धि जेसुकै होस्, सर्वसाधारणको बुझाइमा विकास भनेको सडक, पुल, बिजुली, टेलिफोन, भवन आदिको निर्माण विस्तार नै हो । साथै समकालीन नेपाली राजनीतिक नेतृत्वको बुझाइको सीमा पनि त्योभन्दा माथि उठेको देखिदैन । झिनो 'विकास' को प्रारम्भ राणाकालदेखि नै भएको थियो । पञ्चायतकालको 'विकास' पनि कम लोभलाग्दो थिएन ।

हालसम्म चालु अवस्थाका कैयौं ठूला संरचनाको निर्माण त्यतिबेलै भएको थियो । पछिल्लो २५-३० वर्षको अन्तरालको परिदृश्यलाई हेर्यौं भने पनि समाजका कतिपय पक्षमा कायापलट भएको देखिन्छ । प्रायःजसो ग्रामीण क्षेत्रहरूमा समेत सडक, विद्युतीकरण, टेलिफोन, इन्टरनेट, विद्यालय, स्वास्थ्य चौकी जस्ता आधुनिक विकासका पूर्वाधार विस्तार भइसकेको अवस्था छ । आधुनिक कृषि तथा अन्य व्यवसायहरूको नमूना दूरदराजमा पनि पुगेको भेटिन्छ ।

विकासको मूल्यांकन कसरी गर्ने भन्ने प्रश्न आफ्नो ठाउँमा छ, गतिविधिको दृष्टिले 'विकास' को क्रम जारी छ र रहन्छ पनि । तर यस्तो विकासको कतिपय प्रकान्तरण परिणाम भयावहपूर्ण रहेको संकेत दिएका छन् । तर त्यसमा पर्याप्त ध्यान र दृष्टि पुग्न सकेको छैन, विचार मन्थन र समस्याको यथोचित मनन हुन सकेको छैन । नेपालीको समृद्ध र सुखद भविष्य विभिन्न खाले आर्थिक धराप भित्र पस्दै गइरहेको छ ।

हुन त विकास अवस्थालाई चित्रण गर्ने सबै सूचक नकारात्मक छैनन् तर अर्थतन्त्रका अनेकौं पक्ष चिन्ताजनक रहेका छन् । तीमध्ये एउटा हो- अन्तर्राष्ट्रिय व्यापारमा विकराल घाटा, नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको पछिल्लो दश महिनामा १६ खर्बको आयात भएको छ भने निर्यात जम्मा १ खर्ब ७३ अर्ब । निर्यातमध्ये पनि ८३ अर्ब अर्थात् ४८ प्रतिशत सोया र पाम आयलको हिस्सा रहेको छ, तर ती दुवै वस्तुको कच्चा पदार्थको आयात मात्र ८४ अर्बभन्दा बढीको छ । हुन त नेपालको व्यापार सन्तुलन पछिल्लो ५-६ दशक कहिल्यै नाफामा रहेन । तैपनि वैदेशिक वस्तु तथा सेवा आयातको भुक्तानी निर्यातका अतिरिक्त वैदेशिक ऋण अनुदान, लगानी तथा विप्रेषण आय स्वरुप जम्मा भएको विदेशी मुद्राले थेगिरहेको थियो । अर्थात् सैद्धान्तिक भाषामा व्यापार सन्तुलन घाटामा रहे पनि भुक्तान सन्तुलन बचतमा थियो, शोधनान्तरण अवस्था प्रतिकूल बनिसकेको थिएन । तर पछिल्लो दश महिनामा भुक्तान सन्तुलन झण्डै तीन खर्ब घाटामा पुगेको छ । यसरी विदेशी मुद्रा भित्रिने भन्दा बाहिरिने क्रम जारी रहने हो भने देश वैदेशिक मुद्रा सञ्चितिको दृष्टिले टाट पल्टन सक्छ, श्रीलंकाको जस्तो हालत हुनसक्छ । त्यस्तो संकट संसारका विभिन्न देशले भोगिसकेका छन् । छिमेकी मुलुक भारत पनि पीभी नरसिंह राव प्रधानमन्त्री र मनमोहन सिंह अर्थमन्त्री हुँदा विदेशी मुद्राको सञ्चितिमा टाट पल्टन लाग्दा सुन-चाँदी आदि बहुमूल्य सम्पत्ति बेचेर विदेशी मुद्रा भित्र्याउनु परेको थियो ।

त्यसरी व्यापार घाटा अत्यधिक बढ्नुको आधारभूत कारण देशभित्र पर्याप्त मात्रामा उत्पादन बढ्न नसक्नु नै हो । 'विकास' भएर पनि उत्पादन नबढ्नु भनेको खेती गर्दा बोट फस्टाएर पनि फल नलाग्नु जस्तै हो । यथार्थमा सडक, बिजुलीको विकासलाई मात्र आर्थिक समृद्धि मानिँदैन, ती आर्थिक विकासका लागि केही भौतिक पूर्वाधार मात्र हुन् । समग्र आर्थिक तथा सामाजिक समुन्नतिको निम्ति ती पनि महत्वपूर्ण छन् तर पर्याप्त हैनन् । भौतिक पूर्वाधारहरूको अलावा अन्य अभौतिक तथा संस्थागत पूर्वाधारहरूको समेत जरूरी रहन्छ । उद्यम र व्यवसाय अनुकूल राजनीतिक तथा सामाजिक वातावरण-इकोसिष्टम)को निर्माण हुनुपर्ने हुन्छ ।

प्रचलित 'विकास' चरित्रले गाउँ बस्तीहरूमा प्रायः खर्चका स्रोतहरू बढाएका छन् तर आम्दानीका स्थानीय स्रोतहरू उल्टै सुकेका छन् । यातायात, संचार, आधुनिक ऊर्जा, स्वास्थ्य, शिक्षाको सुविधा त पुगेको छ, तर तिनको प्रत्यक्ष उपभोग बाहेक उत्पादनमूलक उपयोग हुन नसक्दा सर्वसाधारणको आयस्तर बढ्न सकेको छैन ।

गाउँ बस्तीमा आधुनिकता छिरेसँगै प्रायःजसो परम्परागत पेशा-व्यवसाय, उत्पादन तथा उद्यमहरू हराउन थालेका छन् । स्थानीय स्रोतहरू घाँस, काठ, ढुंगा, माटोको प्रयोग घटेर गएको छ । तिनको स्थान आयातित धातु, प्लास्टिक इत्यादि वस्तुहरूले लिएका छन् । कृषिको आधुनिकीकरणको नाममा मल, बीउदेखि खनजोत गर्ने साधनसम्म आयातमा निर्भर बन्दै जाँदा उपजको तुलनामा लागत अधिक रहेको छ । प्रायःजसो फाइदाको लागि भन्दा घाटा सहेर पनि इज्जतको लागि खेतीपातीको कर्मकाण्ड पूरा गर्नुपरेको छ ।

बहुबाली हुने सुन्दर बारीहरू भने कुरुप झाडीमा परिणत भएका छन् । विकासको अर्को महत्वपूर्ण पाटो संरचनागत परिवर्तन हो । जब आधुनिक विकासको सुरुवात हुन्छ तब मानिसहरूमा निर्वाहमुखी कृषि पेशाको विकल्पको खोजी हुन थाल्छ । नयाँ पेशा, व्यवसाय र जीविकोपार्जनका लागि थातथलो छाड्ने, बसाइँसराइ गर्ने क्रम तीव्र हुन्छ । परम्परागत कृषिको विकल्पमा आधुनिक उद्योग तथा अन्य व्यवसायको विकास हुन सकेन र शहरीकरणको प्रक्रिया उचित ढंगले भएन भने आधुनिक अर्थतन्त्रले गति लिदैन ।

सामान्य मानिसको लागि आधारभूत आवश्यकता कमाइ वा आर्जन हो, जहाँ अपेक्षाकृत कमाइ वा आयआर्जन हुँदैन त्यहाँ जतिसुकै सुविधा भए पनि, जस्तो सम्बन्ध भए पनि धानिन सम्भव हुँदैन । तसर्थ गाउँबस्तीमा विकास पुगे पनि पर्याप्त आयस्रोत बढ्न नसक्दा मान्छे अडिन मुश्किल परेको छ, अहिले बसिरहेका पाको पुस्ताका प्रायः छोराछोरी र नातिनातिनाले स्थायी रूपले नै गाउँ छाड्ने क्रम तीव्र छ ।

एक अर्थमा विकासले नै युवालाई गाउँबस्तीबाट लखेट्दैछ । प्रायःजसो ग्रामीण क्षेत्रमा विद्यालयहरूमा उल्लेख्य भौतिक तथा शैक्षिक सुधारका बाबजुद पनि विद्यार्थी संख्या तीव्र रूपमा घटेको छ । २० वर्ष अघि ४/५ सय विद्यार्थीको चाप भएका हाईस्कुलहरू अहिले सय डेढ सयमा खुम्चिएका छन् ।

विदेश पलायन हुने र हुन चाहनेहरू केवल स्वदेशमा विकल्प नभएका वा उपाय नपाएका मात्रै छैनन् । राम्रै हैसियत, कमाइ र सम्भावना रहेकाहरू पनि गएका छन् र जान चाहन्छन् । उनीहरू बेहत्तर विकल्पको खोजीमा छन् । राम्रो योग्यता, दक्षताका प्रतिभा, व्यावसायिक अनुभवीहरूको पलायनले देशलाई ठूलै नोक्सान पुऱ्याइरहेको छ । देश र समाजको महत्वपूर्ण लगानी परेका गुणस्तरीय नागरिकको पलायन बढ्दै जानु अर्को निराशाजनक पाटो हो ।

विद्यमान अवस्थामा डरलाग्दो व्यापार घाटा, अनुत्पादक विकास, देश छाड्ने लहर, प्रतिभा पलायनलगायत चिन्ताजनक चुनौती एकअर्कासँग सम्बन्धित छन् । मूल कारण विकास सम्बन्धी त्रुटिपूर्ण सोच र शैली हो । राजनीतिक व्यवस्था परिवर्तन भए पनि अवस्था परिवर्तन नहुनु भनेको त्यही सोच र शैली यथावत् रहनु हो । समृद्धिका परिकल्पनाकार दाबी गर्ने वाम लोकतान्त्रिक खेमाको नेतृत्वको सोच र शैली पनि सारमा पञ्चायतकालको भन्दा फरक देखिएन ।

परम्परागत अर्थशास्त्र अनुसार पूँजी वृद्धि गरे पछि उत्पादन स्वतः बढ्छ भन्ने मान्यता छ । प्रसिद्ध अर्थशास्त्री जे वि सेको उत्पादनले आफ्नो माग वा बजार स्वतः सृजना गर्दछ भन्ने विश्वास थियो । तर अधिक उत्पादनको कारण व्यापार चक्रको संकट उत्पन्न हुन थालेपछि आजकल संसारभर बजार विश्लेषण र अनुमान गरेर मात्र उत्पादनको योजना बनाइन्छ ।

त्यस्तै हाम्रो जस्तो देशमा भौतिक पूर्वाधारहरू विस्तार भयो भने आर्थिक वृद्धि स्वतः हुन्छ भन्ने दावी गरिन्छ तर त्यो धेरै पुरानो फेल खाइसकेको मान्यता हो । आजकल सार्वजनिक परियोजनाहरूको निर्क्योल विज्ञहरूबाट लाभ-लागत गहन विश्लेषण र सरोकारवालाहरूसँग सार्वजनिक सुनुवाइ, बहस, छलफलपश्चात गर्ने प्रचलन छ । नेपाल जस्ता विकासोन्मुख मुलुकहरूको विकास परियोजना छनोट र निर्माणमा यथोचित प्रोटोकलको पालन गरिएको हुँदैन । शक्तिशाली नेताहरूको राजनीतिक लाभको निम्ति समग्र अर्थतन्त्रलाई लाभ नहुने परियोजनालाई प्राथमिकता दिइएको हुन्छ । श्रीलंकामा महेन्द्र राजापाक्ष सरकारले ठूलो वैदेशिक ऋण लिएर बनाएका अन्तर्राष्ट्रिय एयर पोर्ट र बन्दरगाह व्यावसायिक रूपमा नचल्दा अर्थतन्त्र धरापमा परेको चर्चा छ ।

कमजोर कार्यान्वयन प्रणाली तथा संस्थागत भ्रष्टाचार आदिको कारण प्रायःजसो परियोजनाहरूमा लाभको तुलनामा लागत धेरै माथि पुगेको हुन्छ ।

भौतिक परियोजना होस् या राहत, भत्ता, अनुदान आदिमा होस् ! सरकारी खर्च बढ्दा समाजमा नगद या आय प्रवाह बढेको हुन्छ तर कुल नगद प्रवाह बमोजिम वस्तु तथा सेवाको आपूर्ति बढ्न सकेन भने मूल्य वृद्धि वा मुद्रास्फीतीको समस्या उत्पन्न हुन्छ । त्यसको एउटा असर सीमित मौद्रिक आय हुने आम जनताको वास्तविक आय वा क्रयशक्ति घटाइदिन्छ अर्को देशको आन्तरिक उत्पादनको लागत बढ्छ, प्रतिस्पर्धी क्षमता कमजोर बन्छ ।

नेपालका प्रमुख राजनीतिक दलहरूमा लोकप्रियताको लागि अन्धाधुन्द खर्च बढाउने, जथाभावी परियोजना बाँड्ने गैरजिम्मेवार होडबाजी चलेको छ । जसका कारण पनि नेपालको अर्थतन्त्र अनुत्पादक र महँगो बनेको छ, जहाँ आन्तरिक होस् वा बाफय व्यावसायिक लगानी आकर्षित हुन मुश्किल छ । विश्वव्यापीकरणमा समावेश भइसकेको र खुला अर्थतन्त्रको नीति अंगीकार राष्ट्रको उद्यम व्यवसाय विश्वबजारमा खरो उत्रन सकेन भने आर्थिक विकास होइन विपत्ति निम्तिन सक्छ ।

जापानको प्रगतिको बखान नगर्ने नेपाली नेता सायद कोही छैनन् होला तर त्यो प्रगतिको रहस्य बुझ्ने पनि विरलै छन् होला । जापान संसारको एक प्रमुख स्टिल उत्पादक मुलुक हो । सन् १९५० ताका त्यहाँ श्रमको ज्याला सस्तो हुँदा पनि स्टिल उत्पादनको लागत यूरोपको भन्दा ५० प्रतिशत महँगो थियो, जुन विश्व बजार प्रतिस्पर्धाको लागि चुनौतीपूर्ण थियो । व्यापक प्राविधिक तथा व्यवस्थापकीय सुधार गरेपछि सन् १९७५ तिर श्रमको मूल्य विकसित मुलुकको स्तरमा पुगे पनि त्यहाँ उत्पादित स्टिल संसारमै सस्तो हुन पुगेको थियो ।

नेपालमा सुरक्षित अर्थतन्त्र र अपेक्षित समृद्धिको निम्ति सरकारी वा गैरसरकारी सबै क्षेत्रमा संस्थागत तथा व्यवस्थापकीय क्षमतामा आमूल सुधार हुनुपर्दछ । समकालीन अर्थतन्त्र ज्ञानमा आधारित बनेको छ, उत्पादनमूलक ज्ञान तथा प्रविधिको इन्भेन्शन एवं इन्नोभेशनको पर्याप्त लगानी र प्रोत्साहन हुनु जरूरी छ ।

साथै नेपालमा उद्यम व्यवसाय तथा बसोबास, सहज र सुरक्षित छ भन्ने विश्वासको वातावरण निर्माण हुनुपर्दछ । आधुनिक अर्थतन्त्रको रेल विश्वासको लिकमा गुडेको हुन्छ जुन नैतिक मूल्यहरूको धरातलमा अडेको हुन्छ । नेपालका प्रमुख राजनीतिक पार्टीहरू मूलतः यहीनेर चुकेका छन् । उनीहरूको नारा र पारामा विकराल विरोधाभास छ ।

*(हाल कोपेनहेगन, डेनमार्कमा रहेका पौडेल विश्व आर्थिक क्रान्ति : सुमेरदेखि सिलिकन भ्यालीसम्म पुस्तकका लेखक पनि हुन् ।) -अनलाइनखबर*

# कसले पाउला आगामी चुनावमा भोट ?



पूर्ण ओली

> हिजोआज नेपाली जनता धेरै सचेत हुँदै गएका छन् । जसले गर्दा आगामी निर्बाचनमा मेयर बालेन शाह, हर्क साम्पाङजस्ता धेरै इमान्दार र क्षमतावान ब्यक्तिहरुले उम्मेद्वारी दिएर नेपाली जनताको सच्चा मत पाउने छन् ।

नेपालमा आफूलाई सच्चा प्रजातन्त्रवादी भन्ने नेपाली कांग्रेस र आफुलाई कम्युनिष्ट भन्ने माओवादी र एकीकृत समाजवादी भन्ने दल एक भएर सरकारमा बसेका छन् ।

आगामी निर्वाचनमा पनि गठजोड गरेर चुनावमा जाने भएका छन् । दुवैको स्वार्थ देशको समग्र विकास गर्नु नभई निर्वाचनमा बढी सिट ल्याएर सत्ताको तर मारेर आसेपासेलाई पोस्नु मात्र देखिन्छ । त्यसको लागि यी दलहरुले आफ्नो नीति, सिद्धान्त र कार्यकर्ताहरुको मनोदशालाई लात मारेर भएपनि नेतृत्वको स्वार्थले गठजोड गरेका छन् । यदि भविष्यमा पनि गठजोड गरिरहने हो भने चुनावपछि बन्ने सरकारको विभिन्न दलका फरक एजेण्डा कसरी लागू गर्नेछन् ? कांग्रेसले पुँजीवादको पक्षपोषण गर्छ भने कम्युनिष्टहरु आफुलाई गरिब किसान मजदुरको मसिहा ठान्छन् तर उनीहरु पनि दलाल पुँजीपतिकै पक्षपोषण गरिरहेका हुन्छन् । जनताका आ-आफ्ना दलका नेता हुन्छन् । निर्वाचनमा जनताहरु कतिपय स्थानमाआफ्नो मतलाई मनपर्ने नेतालाई दिन सक्तैनन् ।

आफ्नो सोच र इच्छाअनुसार मतको प्रयोग गर्न नपाउँदा जनताको अधिकार कुण्ठित हुनेछ । माथिल्लो नेतृत्वबाट लादिएको इच्छा जनतालाई पाच्य हुँदैन । निर्वाचनपछि आएको परिणाम पनि दलको सही मूल्यांकन हुन सक्तैन । चुनावमा दलहरु स्वतन्त्र रुपमा छुट्टाछुट्टै भएर लडे भने मात्र दलको सही मूल्यांकन हुन सक्छ । निर्वाचनपछि कुनै दलको बहुमत नआएमा मिलिजुली सरकार बनाउन उपयुक्त हुन्छ । त्यसैले निर्वाचन अघि इमान्दार र क्षमतावान नेतृत्व छनौट गर्न पनि प्रजातन्त्रबादी र साम्यबादी छुट्टिनै पर्छ ।

प्रजातन्त्रवादी भनिए पनि नेपाली कांग्रेसको नेतृत्वले कार्यकर्तालाई निष्पक्ष भएर टिकट बाँड्दैन । त्यहाँ पनि आफ्नो गुट, चाकडीवाज तथा पैसाको थैलो बुझाउनेले चुनावमा टिकट पाएको विगतको इतिहास छ । त्यसपछि विद्रोही उम्मेद्वार उठ्ने प्रवल सम्भावना रहन्छ । गरिबका मसिहा भनिने कम्युनिष्ट पनि सिद्धान्तभन्दा आफ्नो स्वार्थ र चाकडीमा नै र माउँछन् । त्यहाँ पनि इमान्दार सक्षमभन्दा आफ्ना गुटका आसेपासे र चाकडीबाजकै बोलवाला भएको विगतको अनुभवबाट देखिएको छ ।

विगतमा गिरिजाप्रसादले धेरै अनुभवी र वरिष्ठहरुलाई पाखा लगाएर आफ्नी छोरी सुजातालाई उपप्रधानमन्त्री बनाएका थिए । शेर बहादुरले श्रीमती आरजु राणालाई धेरै पुराना अनुभवी कार्यकर्तालाई छोडेर चुनावमा टिकट दिएका थिए । अहिले पनि प्रधानमन्त्री पत्नीको बोलवाला पार्टी र सरकारमा निकै भएको चर्चामा छ । माओवादी नेता प्रचण्डले आफ्नी बुहारी बिना मगरलाई मन्त्री बनाउनु भयो भने छोरी रेणु दाहाललाई मेयरको उम्मेद्वार बनाएर उनलाई जिताउन राज्यको पूरा शक्ति लगाउनु भयो । उहाँको अस्थिर र स्वार्थी स्वभावले सरकारलाई पनि अस्थिर बनाउन प्रमुख भूमिका छ । अहिले कम्युनिष्ट र काँग्रेसको गठजोड सरकार छ । अर्थमन्त्री निकै विवादित भएर पनि उनलाई हटाइएन र प्रधानमन्त्रीले पनि कुनै प्रतिक्रिया दिएका छैनन् । यसबाट जनतालाई काँग्रेस र कम्युनिष्ट दुबै खराब हुन् भन्ने भएको छ । बास्तवमा अहिलेको बेथिति भ्रष्टाचारको मुख्य कारकतत्व नै यी दुई प्रमुख दल देखिएका छन् । खासगरी सत्ता स्वार्थमा सुशासन र भ्रष्टाचारलाई पुरै बेवास्ता गरिएको छ ।

जसको कारण कुनैपनि संस्था आज भ्रष्टाचारबाट चोखिएका छैनन् । अख्तियार पुरै निकम्मा भएको छ । जनताको अन्तिम आशाको केन्द्र सर्वोच्च पुरै भ्रष्टाचारको दलदलमा फसिसकेको देखिन्छ । सञ्चार माध्यममा आइरहेका न्यायाधीश वकिलका घुस काण्डले हामीलाई झनै निरास पारेको छ । प्रधानन्यायाधीश चोलेन्द्रशम्शेरमाथि लगाइएको महाअभियोगको प्रस्ताब कारबाहिको लागि संसदमा अहिलेसम्म अगाडि नबढाउनु सरकारमा बस्नेहरुको निकृष्ट स्वार्थ देखिन्छ । यसबाट भविष्यमा न्यायालयलाई जहिले पनि सरकारको नियन्त्रणमा राख्न सकिने प्रयासको थालनी हुनसक्छ । नत्र यति ठूलो काण्डसहित महाअभियोग लागेका प्रधानन्यायाधीशलाई समयमै कारबाही नगर्नु भनेको न्यायाधीशलाई तर्साउनु मात्र हो ? यसको जवाफ शेरबहादुरको सरकारले दिनैपर्छ ।

यदि कुनै एक दलको सरकार भएको भए निर्वाचनमा जनताले मतदान गर्न सजिलो हुने थियो । आगामी निर्वाचनमा वामपन्थी एक भएर गए भने अहिलेको सरकारका कमजोरीहरुमा माओवादी र कांग्रेसले एकअर्कालाई दोष दिने निश्चित छ । सरकारमा बस्नेले जनताको हितमा राम्रो काम गरेको भए उनीहरुलाई मतदानबाट कुनै डर हुने छैन । दलहरुले नेपाली जनताभन्दा बिदेशीको हितमा गरेका निर्णयले आगामी संसदीय निर्वाचनमा अवश्य पनि जनताले यसको जवाफ दलहरुलाई दिन सक्नेछन् । धेरै बिषयबस्तुलाई दलका आ-आफ्ना मिडिया केन्द्रमार्फत गलत तर्क दिएर तोडमोड गरी प्रस्तुत गरिने भएकाले जनता पनि कहिलेकाहिँ रनभुल्लमा परिरहेका हुन्छन् ।

अहिले सरकारले फिर्ता गरेको भनिएको अमेरिकासँग गरिएको एसपिपी सम्झौताबाट नेपालको सार्बभौम सत्तामा समेत दुरगामी नकारात्मक प्रभाव पर्ने थियो । तर जनता र संसदको लगाातारको दबाबपछि अमेरिकासँग गरेको भनिएको सम्झौता फिर्ता गर्न सरकार बाध्य भएको छ । यो सम्झौता पनि नेपाली कांग्रेस सरकारको पालामा र एमालेको पालामा कसको पालामा गरिएको भनेर एकअर्कालाई दोषमात्र लगाएको देखिन्छ । नेपाली नेताको एउटा बिशेषता के छ भन्ने सरकारमा रहँदा बिदेशीसँग देसघाती सम्झौता गर्ने अनि सरकारबाट बाहिर जानासाथ त्यसको घोर बिरोध गर्ने प्रचलन सबै दलमा देखिएको छ । यसले गर्दा नेपालका दल र नेताले देशको विकासमा ध्यान दिनुभन्दा सत्तामा रहिरहन जेजस्ता गलत निर्णय गर्न पनि तयार हुने गलत परम्परा देखिन्छ ।

हिजोआज नेपाली जनता धेरै सचेत हुँदै गएका छन् । जसले गर्दा आगामी निर्बाचनमा मेयर बालेन शाह, हर्क साम्पाङजस्ता धेरै इमान्दार र क्षमतावान ब्यक्तिहरुले उम्मेद्वारी दिएर नेपाली जनताको सच्चा मत पाउने छन् । सायद दलका झोले कार्यकर्ता क्रमशः छेउ लाग्ने दिन छिटै आउने छ । अनि नेपालमा सुशासनसहित आधारभूत विकासको सुरुवात गर्न सक्ने इमान्दार क्षमतावान ब्यक्तिहरुको बाहुल्य संसदमा बढ्नेछ । यसले नेपालका किसान, युवा, मजदुर, तथा राष्ट्रिय पुँजिपतीको लागि ठोस कार्यक्रमहरु ल्याएर शिक्षा, स्वास्थ्य तथा आत्मनिर्भर हुन आधारभूत वस्तुमा गुणोत्तर विकास ल्याई देशलाई विकासको सही मार्गतर्फ अग्रसर गराउने छन् । *-साभार: देशसञ्चार*

